annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८८, पृष्ठ ८ | काठमाडौं, सोमबार ११ साउन २०८३ | आषाढ शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | MONDAY, JULY 27, 2026 | मूल्य : रु. १०




# विश्वकै ठूलो शान्ति मण्डला, लुम्बिनीबाटै फेरि गायब



सुरेन्द्र काफ्ले | *काठमाडौं*

१६ देशका १० हजारभन्दा बढी स्वयंसेवकले तीन वर्ष लगाएर तयार पारेको 'विश्व शान्ति मण्डला' फेरि गायब पारिएको छ। बहुमूल्यको उक्त मण्डला संरक्षणका लागि एक वर्षअघि नै लुम्बिनी विकास कोषलाई हस्तान्तरण गरिएको थियो। तर, कोषले उक्त मण्डला ८ महिनाअघि नै काठमाडौं फिर्ता गरिसकेको जवाफ दिएको छ। तर, सम्बन्धित निकायहरू आफूलाई त्यसबारे जानकारी नभएको जवाफ दिइरहेका छन्। करोडौं मूल्यको मण्डलाको व्यवस्थापनमा राज्यशक्तिको दुरुपयोग भएको सरोकारवालाहरूको आरोप छ।

विस्तृत पृष्ठ २

## एमबीएसको प्रश्नपत्र आउट गर्ने पक्राउ



अन्नपूर्ण | *काठमाडौं*

परीक्षा सुरु भएको केही समयमै एमबीएस प्रथम सेमेस्टरको प्रश्नपत्र लिक गर्ने व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा कैलालीको घोडाघोडी नगरपालिका-११ स्थायी घर भई हाल भक्तपुरको मध्यपुर थिमी नगरपालिका-१ बस्ने ३३ वर्षीय सन्दीप सिंह छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले उनलाई मध्यपुर थिमी नगरपालिका-१ बाट पक्राउ गरेको हो।

शुक्रबार एमबीएसको 'एमजीटी ५१५: अर्गनाइजेसनल बिहेभियर' विषयको परीक्षा दिउँसो १२ बजेदेखि सञ्चालन भएको थियो। परीक्षा सुरु भएको केही समयपछि १ हजारभन्दा बढी सदस्य भएको ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र सार्वजनिक भएको थियो। प्रश्नपत्र आउट गरेको आरोपमा अर्का एक जना पनि पक्राउ परेको प्रहरीले जनाएको छ।

२४ घण्टाभित्रै मुख्य आरोपितहरू पक्राउ परेको शिक्षा तथा खुलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए। उनका अनुसार घटना सार्वजनिक हुनेबित्तिकै अनुसन्धान र कारबाहीका लागि नेपाल प्रहरीसँग समन्वय गरेर मुख्य आरोपित पक्राउ परेका हुन्। परीक्षा प्रणालीमाथिको विश्वास, शैक्षिक संस्थाको विश्वसनीयता तथा हजारौं विद्यार्थीको भविष्यसँग जोडिएको विषय भएकाले घटनालाई गम्भीर रूपमा लिइएको उनले बताए।

### छानबिन समिति गठन

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायको डिन कार्यालयले प्रा. डा. अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । समितिले प्रश्नपत्र चुहावटको कारण, सुरक्षा प्रणालीका कमजोरी तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुधारका उपायबारे अध्ययन गरी प्रतिवेदन बुझाउनेछ।


मन्त्री पोखरेलले परीक्षा प्रणालीप्रतिको जनविश्वास कायम राख्न आवश्यक कानुनी तथा संस्थागत सुधारका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताएका छन् । विगतमा यस्ता घटनामा अनुसन्धान लम्बिने र दोषी उम्किने गुनासो आउने गरे पनि अब त्यस्तो संस्कृतिको अन्त्य गरिने उनको भनाइ छ । उनले इमानदार विद्यार्थीको मेहनतमाथि अन्याय हुन नदिन तथा शिक्षा प्रणालीलाई थप पारदर्शी, सुरक्षित र विश्वसनीय बनाउन मन्त्रालयले आवश्यक सबै कदम चालिरहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# वाम गठबन्धनलाई बागमतीमा पुगेन २ सिट

## साना दलसँग छलफल

सरोज पौडेल | *हेटौंडा*

एमाले र नेकपा मिल्दा पनि बागमती प्रदेश सरकार बनाउन २ सिट अपुग देखिन्छ। दुई दलले सातवटै प्रदेश सरकारमा सहकार्य गर्ने भन्दै बागमतीको नेतृत्व एमालेले लिने सहमति शनिबार गरेका थिए। तर, बागमतीमा दुई दलको मात्रै सरकार बन्ने स्थिति छैन। त्यसैकारण बागमतीमा नयाँ सरकार गठनका लागि एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले साना दलसँग छलफल सुरु गरेका छन्। यसअघि नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता गठबन्धन थियो। केन्द्रीय राजनीतिको उतारचढावपछि साउन ६ गते एमाले सरकारबाट बाहिरिएको थियो।




तर, एमाले अध्यक्ष केपी ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहालबीच शनिबार सातवटै प्रदेश सरकारमा सहकार्य गर्ने सहमति भएको थियो। त्यसअनुसार बागमतीको नेतृत्व एमालेले लिने सहमति दुई नेताबीच भएको थियो।

बागमती प्रदेशसभामा सबैभन्दा ठूलो दल कांग्रेसको ३६ सिट छ। नेकपाको २६ सिट र एमालेको २५ सिट छ। यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को १२, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सिट छ। १ सय १० सदस्यीय प्रदेशसभाका ६ जना सदस्यले गत प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न राजीनामा दिएका थिए।

त्यसैकारण बागमती प्रदेशसभामा हाल १ सय ४ जना सदस्य कायम छन्। नयाँ सरकार गठनका लागि ५३ जना प्रदेशसभा सदस्यको समर्थन चाहिन्छ। तर, एमाले र नेकपा मिल्दा पनि ५१ सिट मात्रै हुन्छ। अपुग २ सिटका लागि एमाले र नेकपाले साना दलसँग सहकार्यका लागि छलफल तीव्र पारेका छन्। एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले नयाँ सरकार गठनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र हाम्रो नेपाली पार्टीसँग छलफल भइरहेको बताए। उनले भने, 'राप्रपा र हाम्रो नेपाली पार्टीले नयाँ सरकार गठनको लागि सहयोग गर्छौं भनेका छन्।' त्यसबारे मंगलबारसम्म टुंगो लाग्ने थपलियाले बताए।

यस्तै, राप्रपाका बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले नयाँ सरकार गठनका लागि आफ्नो दलले सहयोग गर्ने बताए। उनले भने, 'हामी बागमती प्रदेशलाई अनिर्णयको बन्दी बनाएर राख्दैनौं। निरन्तर छलफल भइरहेको छ। हामी आफ्नो दलको बैठक बसेर भोलि सोमबार वा पर्सिसम्म टुंगो लगाउँछौं।' राप्रपाले नयाँ सरकार बनाउन निकास निकाल्ने नेता थापाले बताए।

बाँकी पृष्ठ ६

# चेपाङलाई चिउरीको चटारो

शिव उप्रेती | *गोरखा*

बहुउपयोगी हुने भएकाले चेपाङ समुदायले चिउरीलाई 'दुहुनु भैंसी'को संज्ञा दिने गर्छन्। त्यसैकारण माइतीले चेलीलाई विवाहमा चिउरीको रूख दाइजो दिने अनौठो परम्परा चेपाङ समुदायमा छ।

हाल चेपाङ समुदायमा त्यही महत्त्वपूर्ण चिउरी भित्र्याउने सिजन चलिरहेको छ। 'हामीले त चिउरी भित्र्याइसक्यौं', गण्डकी गाउँपालिका-६ लुप्राङ्का भीमलाल चेपाङ भन्छन्, 'यो वर्ष पोहोरको जस्तो धेरै भएन।' केही आफैंले उपयोग गरेको र केही इष्टमित्र, साथीसंगीलाई उपहारसमेत दिएको उनले बताए।

धेरै उत्पादन गर्नेले एक क्विन्टलसम्म पनि भित्र्याएको गण्डकी-६ थुम्काका चन्द्र चेपाङ बताउँछन्। 'एउटै रूखबाट १०/२० डोकोसम्म भित्र्याउँछन्', उनले भने, 'एक डोकोमै ४०/५० केजी पनि हुन्छ। यस्तो त धेरै रूखबाट ४०/५० डोको नै भित्र्याउने गरिन्छ।' तर, यो वर्ष विगत वर्षमा भन्दा कम फलेको उनको भनाइ छ। 'जलवायु परिवर्तनको असरले हुन सक्छ, यसपालि पोहोर, परारको जति फलेन। फलेको पनि झरेर गयो', उनले भने।

अहिले गोरखाको चेपाङ गाउँमा चिउरी सिजन सकिन लागेको तर मकवानपुर, चितवनका चेपाङ गाउँमा चिउरीको सिजन सुरु भएको उनको भनाइ छ।

चिउरी कात्तिक, मंसिरमा फूल खेल्छ। फूलको रस पनि खाने गरिन्छ। फूल खेलेको बेलामा चमेरो चिउरीको बोटभरि धुरिन्छन्।



यही मौका छोपेर जाल थापेर चमेरो सिकार पनि गर्ने गर्छन्। 'चिउरी फुल्ने सिजनमा त गाउँलेको बास नै जंगलमा हुन्छ', चन्द्र चेपाङ भन्छन्, 'गोरखातिर त आफूले खानमात्र प्रयोग हुन्छ। चितवन, मकवानपुरका चेपाङहरू त सिकार गरेर बेच्ने पनि गर्छन्।' धेरै पौष्टिक हुने हुँदा चमेरो महँगोमा बिक्ने उनले बताए।

चिउरी पाकेपछि यसलाई खाने चलन छ। चिउरीको फल धेरै पोसिलो खानेकुरा अन्तर्गत पर्ने अर्का स्थानीय बिलबहादुर चेपाङ बताउँछन्। 'यति मीठो र यति पोसिलो हुन्छ कि, कतिपयलाई चिउरी खाएपछि खाना खानै पर्दैन', उनी भन्छन्, 'यो धेरै राम्रो, मीठो, पोसिलो, तागतिलो हुने भएकाले पहिले पहिले आफ्नो चेलीलाई बारीको चिउरी दाइजो दिएर पठाउने गरिन्थ्यो।' चेलीको नाउँ पारेको चिउरी माइती पक्षले उपभोग गर्न हुन्न भन्ने मान्यता छ।

फल खाइसकेपछि चिउरीको बियाँ पनि धेरै उपयोगी हुने चेपाङ समुदायको भनाइ छ। 'यसको बियाँलाई सुकाएर पेलेर तेल निकालिन्छ। यो तेल अरू तेलभन्दा धेरै पोसिलो, तागतिलो हुन्छ', उनले भने, 'त्यसैले यसलाई हामी तेल नभनेर घिउ भन्ने चलन छ।'

निजी बारीमा रहेको चिउरीको रूख सम्बन्धित जग्गाधनीकै हुन्छ। जंगल अथवा खोरियामा भएको चिउरी पनि पुर्खाले नै अनौपचारिक रूपमा बाँडेका हुने चन्द्र चेपाङको भनाइ छ। 'हाम्रोतिरको पाखा, पखेरा त बाजेकै पालादेखि अनौपचारिक रूपमा भागबन्डा भइसकेको हुन्छ', उनले भने, 'चेपाङ समुदायले चाहिँ चिउरीलाई महत्त्वका साथ लिएका हुन्छन्। अरू समुदायलाई यसको वास्तै हुँदैन।'

तर, पछिल्ला वर्षहरूमा चिउरी मासिँदै गएका छन्। घाँस काटिदिनाले फल नलाग्ने गरेको बिल चेपाङ बताउँछन्। 'त्यसैले हामीले वन कार्यालयसँग समन्वय गरेर चिउरीको बिरुवा मगाएर वृक्षरोपण गरेका छौं', उनले भने, 'अनि यसको घाँसको नकाट्ने नियम बनाएका छौं।' सबै गाउँ टोलका चेपाङ समुदाय चिउरी संरक्षणमा लागेका उनको भनाइ छ।

